सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ बर्षः ६ संख्या : ५७ मितिः माघ २९ गते, २०७९

## भाग- २

## ठेला व्यवसाय व्यवस्थापन मापदण्ड, २०७९

सिद्धार्थनगर नगरक्षेत्र भित्रको बढदो शहरीकरणले गर्दा व्यापार व्यवसायको माध्यमबाट आफ्नो जिविकोपार्जनका सन्दर्भमा अन्य स्थानबाट ठेला व्यवसायको लागी यस नगरक्षेत्रमा आउनेहरुको संख्या दिन प्रतिदिन वृद्धी भए सँगै शहरी सेवा व्यवस्थापन, यातायात व्यवस्थापन तथा शहरको सौन्दर्यीकरणको लागी चुनौतीको रुपमा रहेको महशुस गरी सिद्धार्थनगरको ठेला व्यवसाय व्यवस्थापन गरी सरल रुपमा सन्चालन गर्नका लागि स्थानिय सरकार ऐन, १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी यो मापदण्ड जारी गरीएको छ । **ठेला व्यवसाय व्यवस्थापन मापदण्ड, २०७९** जारी गरि लागु गरिएकोछ ।

१. यस मापदण्डको नाम **सिद्धार्थनगर नगरपालिकाको ठेला व्यवसाय व्यवस्थापन मापदण्ड, २०७९** रहकोछ

२. यो सिद्धार्थनगर नगरकार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

३. यो मापदण्ड सिद्धार्थनगर नगरपालिका नगरक्षेत्र भित्र लागु हुनेछ ।

### ४. ठेला व्यवसाय इजाजत सम्बन्धी व्यवस्था

१. ठेला व्यवसाय संचालन गर्नको लागी मापदण्ड बमोजिम हाल सम्म इजाजत प्राप्त भएको ठेला व्यवसायीले व्यवसाय संचालन गर्ने स्थान र समय तोकी नविकरणको लागी निवेदन दिनुपर्नेछ । नविकरणको इजाजतको लागी नेपाली नागरिकताको प्रतिलीपी अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

२. ठेला व्यवसाय संचालनका लागी नगरपालिकाबाट इजाजत लिनुपर्नेछ ।

३. विगतमा नगरपालिका तथा ठेला व्यवसायीहरु तथा सम्बन्धित सरोकारवालाहरु सँगको बैठकको निर्णय अनुरुप नगरक्षेत्रमा तोकिएको स्थान, समय र संख्यामा मात्र ठेला व्यवसाय संचालन अनुमति प्रदान गर्ने भनिएकोमा यो मापदण्ड लागु भएपछि मापदण्डमा उल्लेख भए अनुसारको स्थान, समय र संख्यामा मात्र ठेला व्यवसाय संचालन गर्न पाइनेछ ।

४.कुनै पनि व्यक्तिका नाममा एक भन्दा बढी ठेला व्यवसाय संचालन गर्न नपाउने तथा ठेला भाडामा दिने प्रयोजनको लागी राख्न नपाउने ।

५. नगरपालिकाले ठेला व्यवसाय संचालन गर्न दिएको इजाजत एक व्यक्तिको नामबाट अर्को व्यक्तिको नाममा नामसारी हुनेछैन । तर ठेला व्यवसाय दर्ता रहेको व्यक्तिको नाममा एक पटक ठेला नामसारी गर्न सकिनेछ । साथै एकाघर सगोलको परिवारको नाममा एक पटक नामसारी गरिनेछ

६. सिद्धार्थनगर नगरक्षेत्रमा यस मापदण्ड अनुसार इजाजत प्राप्त भएका तथा नविकरण भएका ठेला व्यवसायहरुको व्यवसाय इजाजत २०८२ साल असार मसान्त सम्म दुई वर्षका लागि मात्र रहन छ । सो पश्चात ठेला व्यवसायीहरुले वैकल्पिक रुपमा पसल व्यवसाय संचालन गर्नुपर्नेछ । सिद्धार्थनगर नगरपालिका नगरक्षेत्रलाई ठेला व्यवसाय मुक्त क्षेत्रका रुपमा विकास गरिनेछ ।

७. कुनै व्यक्तिको नाममा ठेलाको मात्र इजाजत रहेको ठेला इजाजत खारेज हुनेछ । ठेलामा व्यवसाय संचालनको प्रयोजनका लागी मात्र राख्न पाइनेछ ।

## ५. ठेला व्यवसायीले पालना गर्नुपर्ने शर्तहरु

१. सडक तथा पेटीलाई अतिक्रमण गर्ने गरी व्यवसाय संचालन गर्न पाईनेछैन ।

२. यातायात तथा ट्राफिक व्यवस्थापनलाई प्रभाव नपर्ने गरी व्यवसाय संचालन गर्नुपर्नेछ । साधुरा गल्ली बाटो, चोकहरुमा व्यवसाय संचालन गर्न पाईनेछैन ।

३. सटरमा व्यवसाय संचालन गर्ने व्यवसायीहरुले ठेलाको प्रयोग गरी सरसमान राख्न पाईनेछैन ।

४.व्यवसाय संचालन गर्दा निस्कने फोहोरमैला ठेला धनीले स्वंयम नगरपालिकाले तोकेको स्थान वा डस्टविनमा फोहोरमैला फ्याक्नु राख्नुपर्नेछ ।

५. ठेला व्यवसायमा संचालन गर्दा (ठेलामा बिक्री गर्ने वस्तु) खाजा/नास्ता, तरकारी/सब्जी, फलफुल, बादाम जस्ता खाद्यवस्तु मात्र बिक्री वितरण गर्न पाइनेछ । सुर्तिजन्य वस्तुको बिक्री वितरण गर्न पाइने छैन । सुर्तिजन्य वस्तुको बिक्री गर्ने ठेला व्यवसायको इजाजत पत्र खारेज गरिनेछ । कुनै ठेला व्यवसायीले गलत/झुट्टा विवरण दिई इजाजत लिएको खण्डमा त्यस्तो इजाजत पत्र समेत खारेज गरिनेछ ।

६. नगरपालिकाले तोकेको स्थान र समयमा मात्र व्यवसाय संचालन गर्नुपर्नेछ ।

## ६. ठेला व्यवसाय संचालन गर्ने स्थान, समय र संख्या

१. ठेला व्यवसाय संचालन गर्नको लागि स्थान, समय र संख्या यस मापदण्ड बमोजिम बनेको ठेला व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२. ठेला व्यवसाय संचालन गर्ने स्थान सम्बन्धित वडा समितिबाट सिफारिश भए अनुसार तोकिनेछ

## ७. ठेला नविकरण सम्बन्धि व्यवस्था

१. ठेला व्यवसाय संचालन गर्नको लागी नगरपालिकाबाट इजाजत पत्र प्राप्त गरेका व्यवसायीले प्रत्येक आर्थिक वर्षको श्रावण महिना देखि पौष महिना भित्र नविकरणको लागि निवेदन दिई नविकरण गर्नु पर्नेछ ।

२. पौष महिना भित्र नविकरण नभए थप छ महिना अर्थात असार मसान्त सम्म नविकरण दस्तुरको पचास प्रतिशत बराबर जरिवाना लिइ नविकरण गरिनेछ ।

३. एक आ.व. भित्र नविकरण नभएका इजाजत नविकरण दस्तुरको शत प्रतिशत जरिवाना लिई नविकरण गरिनेछ ।

## ८. ठेलाको इजाजत खारेज सम्बन्धि व्यवस्था

१. ठेला लगातार तिन वर्ष सम्मको नविकरण नभएका इजाजत स्वतः खारेज हुनेछ ।

२. सुर्तिजन्य वस्तुको बिक्री गर्ने ठेला व्यवसायको इजाजत खारेज गरिनेछ । कुनै ठेला व्यवसायीले गलत/झुट्टा विवरण दिई इजाजत लिएको खण्डमा त्यस्तो इजाजत समेत खारेज गरिनेछ ।

३. एक व्यक्तिको नाममा भएको एक भन्दा बढी ठेला व्यवसाय भएमा निजको एक मात्र ठेला व्यवसाय दर्ता, नविकरण गरिनेछ । अन्य ठेला व्यवसाय खारेज गरिनेछ । कुन ठेला व्यवसाय राख्ने सो रोज्ने/छान्ने अधिकार व्यवसायीमा सिमित रहनेछ ।

४.कुनै पनि ठेला व्यवसायीले यस मापदण्ड विपरीतको कार्य गरेको भनी कुनै व्यक्ति, संघ/संस्थाले नगरपालिकामा ठेला व्यवसायीको नाम तोकि आएको उजुरीमा पहिलो पटक नसिहत मात्र दिइनेछ तर त्यस्तो उजुरी दोहोरीएको खण्डमा जाचबुझ गरी इजाजत दिने अधिकारीले इजाजत खारेज गर्न सक्नेछ ।

५. इजाजत खारेज भएको ठेला नगरपालिकाले जफत गरी सरोकारवालाको रोहबरमा ठेला नष्ट गर्नेछ

## ९. ठेला व्यवसाय व्यवस्थापन समिति

१. सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्र ठेला व्ययवसाय व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक ठेला व्यवसाय व्यवस्थापन समिति गठन हुनेछ :

| | | |
|---|---|---|
| नगरकार्यपालिकाबाट तोकेको वडाध्यक्षहरु मध्येबाट १ जना | - | अध्यक्ष |
| नगरकार्यपालिकाबाट तोकेको १ जना महिला सहित दुई जना | - | सदस्य |
| ठेला व्यवसायीहरु मध्येबाट एकजना प्रतिनिधि | - | सदस्य |
| नगरक्षेत्रमा रहेको उद्योगी/व्यापारीहरुको संस्थाबाट दुई जना प्रतिनिधि | - | सदस्य |
| जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट एक जना प्रतिनिधि | - | सदस्य |
| सिद्धार्थनगर नगरकार्यपालिका कार्यालयको राजश्व शाखा प्रमुख | - | सदस्य-सचिव |

## १०. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनछ :

क. ठेला व्यवसाय तथा व्यवसायीहरुको व्यवस्थापन गर्ने ।

ख. सम्बद्ध व्यवसायीहरु सँग समन्वय गर्ने ।

ग. ठेला व्यवसायीहरुलाई बैकल्पिक व्यवसाय व्यवस्थापन कार्यमा आवश्यक पहल गर्ने ।

## १०. विविध

१. यस मापदण्डको व्याख्या, संशोधन, खारेजी गर्ने सम्पुर्ण अधिकार नगरकार्यपालिकालाई हुनेछ ।

२. यस मापदण्डमा उल्लेखित विषय नेपालको प्रचलित कानून सँग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले
नवजराज पौडयाल
प्रमुख प्रशासकिय अधिकृत